# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १६ जनवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले देशले अन्तरिक्ष क्षेत्रमा देशले हासिल गरेको पछिल्लो उपलब्धिको प्रशंसा गर्नुभएको छ।
- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले राज्यको सर्वाधिक उचाईमा रहेको सन्दकफु र रोहिणी गेटमा पर्यटकहरुका लागि दुईवटा नयाँ स्वास्थ्य सुबिधा केन्द्र स्थापना गर्ने निर्णय गरेको छ।
- आगामी २१ जनवरीको दिन राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी अलिपुरद्वार आउनुहुनेछ।
- पश्चिम बङ्गालमा २४ जनवरी देखि द्वारे सरकार शिविर पुनः शुरु हुने भएको छ।
- सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधानमा आयोजित १८ औँ सुकुना गोल्ड कप फुटबल प्रतियोगितामा आज म्याच कालेबुङ पुलिस बनाम कञ्चनजङ्घा फुटबल क्लब सिलगढी माझ सम्पन्न भयो।

**प्रधानमन्त्री -मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशले अन्तरिक्ष क्षेत्रमा देशले हासिल गरेको पछिल्लो उपलब्धिको प्रशंसा गर्नुभएको छ। आकाशवाणीमा आफ्नो मन की बात कार्यक्रमको ११८ औँ श्रृङ्खलामा राष्ट्रको नाममा सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले अन्तरिक्ष प्रधौगिकीमा नयाँ किर्तिमान स्थापित गरिरहेको र दूरदर्शी वैज्ञानिक तथा नवप्रवर्तकहरूले भविष्यका चुनौतीहरूको समाधान प्रदान गरिरहेको बताउनु भएको छ। देशको पहिलो निजी उपग्रह तारामण्डल फायरफ्लाई सफलतापूर्वक प्रक्षेपण गरेकोमा बेंगलुरुस्थित भारतीय अन्तरिक्ष-टेक स्टार्ट-अप, पिक्सलको प्रशंसा गनुहुदै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसलाई आत्मनिर्भरताको दिशामा एक महत्वपूर्ण कदम हो भनी बताउनु भएको छ। उहाँले अझ भन्नुभएको छ, यो उपलब्धिले आधुनिक अन्तरिक्ष प्रधौगिकी एक नेताको रूपमा भारतको स्थितिलाई उजागर गर्दछ र निजी अन्तरिक्ष क्षेत्रको बढ्दो शक्ति र नवीनतालाई प्रतिबिम्बित गर्दछ।

**जीटीए- स्वास्थ्य सुबिधा**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले राज्यको सर्वाधिक उचाईमा रहेको सन्दकफु र रोहिणी गेटमा पर्यटकहरुका लागि दुईवटा नयाँ स्वास्थ्य सुबिधा केन्द्र स्थापना गर्ने निर्णय गरेको छ। समुन्द्री सतहबाट ११ हजार ९ सय ३० फिटको उचाइमा अवस्थित सन्दकफु एउटा प्रमुख पर्यटकीय केन्द्र हो जब कि पर्यटकहरु दार्जिलिङ पहाडमा प्रवेश गर्ने रोहिणी गेट मुख्य बिन्दु हो। सिंहलिला राष्ट्रिय उधानको शृङ्खलाभित्र रहेको सन्दकफु क्षेत्रमा गत बर्षको मई देखि दिसम्बर २०२४ सम्म उचाइमा हुने बिमारको कारण तीनजना पर्यटकको मृत्यु भएको रिपोर्ट प्राप्त भएको छ। गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन स्वस्थ्य एवं परिवार कल्याण बिभागका कार्याकारी सभासद अरुण सिग्चीले पहाडको निकायले सन्दकफु र रोहिणीमा स्वास्थ्य पूर्वाधार निर्माण गर्ने योजना बनाएको जनाएको छ। उहाँले आगामी मार्च देखि पहाडमा पर्यटकीय सिजन सुरु भएपछि गेट खोलिने सभासद सिग्चीले जानकारी दिनुहुदै पर्यटक, पदयात्री र अन्य आगन्तुकलाई आवश्यक स्वास्थ्य सुविधा उपलब्ध गराउन सन्दकफुमा स्वास्थ्य केन्द्र खोल्ने निर्णय गरिएको बताउनु भएको छ। केन्द्रमा एम्बुलेन्स, स्ट्रेचर र जीवनरक्षक औषधि उपलब्ध गराउने र त्यहाँ कुनै पनि स्वास्थ्य आपतकालिन अवस्थामा आगन्तुकलाई जीवनरक्षा सहायता उपलब्ध गराउने तालिम प्राप्त स्वास्थ्य सहायक खटाइने निर्णय गरिएको छ।

**मुख्यमन्त्री -अलिपुरद्वार -भ्रमण**

आगामी २१ जनवरीको दिन राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जी अलिपुरद्वार आउनुहुनेछ। उहाँले २२ जनवरी प्रशासनिक बैठक र २३ जनवरीको दिन सुभाषिनी मैदानमा जना वितरण कार्यक्रममा भाग लिनुहुनेछ। यस बिषयलाई ध्यानमा राख्दै आज तृणमूल कांग्रेस अलिपुरद्वार जिल्ला सभापति तथा राज्यसभा सांसद प्रकास चीक बडाइकले सुभाषिनी मैदानको निरीक्षण गर्नुभयो। जिल्ला र ब्लक नेतृत्वको साथमा सांसद श्री बडाइकले कार्यक्रम स्थलको निरीक्षण गर्ने क्रममा उत्तर बंगाल विकास बिभाग कोषबाट आवण्टित पेभर ब्लक रोडको पनि उद्घाटन गर्नुभयो।

**भवन उद्घाटन -अनित थापा**

आज खरसाङ नगरपालिकाको वार्ड नम्बर ४ स्थित शीतलु बस्तीमा नवनिर्मित सार्वजनिक भवनको उदघाटन गरियो। जीटीएका प्रमुख कार्यपाल अनित थापाको विशेष उपस्थितिमा खरसाङ शीतलु बस्तीको नवनिर्मित सार्वजनिक भवनको उद्घाटन क्षेत्रीय सभासद श्याम थापाले रिबन काटेर गर्नुभयो। उदघाटन समारोहलाई सम्बोधन गर्नुहुदै जीटीएका प्रमुख कार्यपाल अनित थापाले जीटीएले सार्वजनिक भवनहरू धेरै बनाएको अनि अहिले पूरा भएका कामहरूको उदघाटन आफूहरूले गरिरहेको बताउनु भएको छ। उहाँले भन्नुभयो- खरसाङले राम्रो सुविधासम्पन्न अस्पताल पाउनेछ। खर्सांगमा पार्किङ र पिउने पानीको समस्यामाथि आफूहरूले योजना बनाइ सकेको जनाउँदै श्री थापाले खरसाङमा प्रेसिडेन्सी कलेज भवन निर्माण कार्य प्राय पूरा भइसकेको र अब चाँड़ै शुरु हुने जानकारी दिनुभएको छ।

**द्वारे सरकार शिविर**

पश्चिम बङ्गालमा २४ जनवरी देखि द्वारे सरकार शिविर पुनः सुरु हुने भएको छ। यस पटक नागरिकहरूले राज्य सरकारका ३७ योजना र सेवाहरूको लाभ लिन सक्नेछन्। शनिबार अबेर साँझ नवन्नाले यी शिविर सञ्चालनका लागि ११ वटा निर्देशिका जारी गरेका थिए। निर्देशिकामा चाडबाड जस्तै सकारात्मक माहौलमा शिविर सञ्चालन गर्नुपर्ने स्पष्ट उल्लेख गरिएको छ। द्वारे सरकार शिविरको यो नवौं संस्करण हुनेछ। शिविरमा १८ वटा विभागका ३७ वटा योजनाका लागि आवेदन स्वीकार गरिनेछ। प्रत्येक पंचायतमा अनिवार्य रुपमा दुईदेखि तीनवटा शिविर सञ्चालन गरिनेछ। सर्वसाधारणको सुविधालाई ध्यानमा राखेर शिविर स्थलको चयन गरिनेछ। विद्यालय, कलेज वा सामुदायिक भवनहरुमा शिविरको आयोजना गरी अधिक भन्दा अधिक मानिस भेला हुन सक्नेछन्। अघिल्लो पटक शिविर कम भएका क्षेत्रमा यस पटक प्राथमिकता दिइनेछ। शिविरको संख्या पंचायत क्षेत्रको जनसंख्याको आधारमा निर्धारण गरिनेछ। साना वार्डका लागि एउटै शिविरमा आवेदन दिन सकिन्छ। दुर्गम क्षेत्रमा शिविरको पहुँच सुनिश्चित गर्न मोबाइल शिविरहरू स्थापना गरिनेछ। शिविरको क्रममा आवेदकहरुको सूचना सही तरिकाले रेकर्ड गर्न निर्देश दिइएको छ।

**भागोप- सभा**

भारतीय गोर्खा परिसंघ डुवर्स क्षेत्रिय समितिको तेस्रो त्रयवार्षिक सम्मेलन आज जलपाइगढ़ी जिल्लाको नगरकट्टा टी.आर.ए. युमा भवनमा सम्पन्न भयो। सम्मेलनमा डुवर्सका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। सम्मेलनमा बाग्राकोटका शीतम मोक्तान, मालबजारका अजित पराजुली, कालचिनीका ललित न्यासुर, डुवर्ष क्षेत्रिय समितिका कोषाध्यक्ष अनिल थापा लगायत अन्यहरूले, गोर्खा जातिमा संगठनको पकड़, संगठनको उपलब्धि, डुवर्समा गोर्खाहरूको अवस्था आदि माथि प्रकाश पार्नुभयो। डुवर्स क्षेत्रिय समितिका सभापति सुकवीर सुब्बाको अध्यक्षतामा सम्पन्न सम्मेलनमा अथितिका रुपमा भागोपका राष्ट्रिय महासचिव अभय खालिङ, उपस्थित हुनुहुन्थ्यो। सम्मेलनको उतरार्द्धमा क्षेत्रिय समितिको पुरानो कमिटीलाई विघटन गर्दै नयाँ कमिटी गठन गरियो।

**अनित थापा -खेलाड़ी भेटघाट**

जीटीएका प्रमुख कार्यपाल अनित थापाले आज युनाइटेड खरसाङ फूटबल क्लब (यु.के.एफ.सी.) -का खेलाड़ीहरूसित भेटघाट गर्नुभयो। श्री थापाले युकेएफसी–का खेलाड़ीहरूसित खरसाङमा भेट गर्नुहुदै खर्सांग क्षेत्रमा खेल प्रबर्धन सम्बन्धमा बिशेष कुराकानी गर्नुभयो। यस अवसरमा उहाँले खेलाडीहरूलाई बुट अनि ट्र्याकसुट पनि वितरण गर्नुभयो। यसैबिच, खेलाड़ीहरूको हौसला बढ़ाउँदै श्री थापाले खेलाडीहरुको लक्ष्य ब्राण्डेड खेलाड़ी बन्ने हुनुपर्ने कुरामा जोड दिनुभयो।

**सिलगडी -कम्बल वितरण**

सिलगड़ी मेट्रोपोलिटन पुलिस अन्तर्गत खालपाड़ा आउटपोस्ट पुलिसले चिसोबाट बाँच्नका लागि असहाय तथा गरीब मानिसहरूलाई कम्बल वितरण गरेको छ। आज बिहान सिलगड़ी थाना अन्तर्गत खालपाड़ा आउटपोस्टको पहलमा दुइ सयभन्दा अधिक गरीब तथा असहाय मानिसहरूलाई कम्बल वितरण गरियो। यस अवसरमा सिलीगुड़ी थानाका आईसी प्रसेनजीत विश्वास, खालपाड़ा आउटपोस्ट प्रभारी सुदीप दत्त लगायत पुलिसकर्मीहरूको उपस्थिति रहेको थियो।

**कालेबुंग -समथार -दुर्घटना**

आज बिहान लगभग ११:५५ बजे कालेबुंगको समथार स्थित मन्दिर खोला नजिक एउटा बोलेरो गाडी दुर्घटना हुदा गाडीका चालकसहित पाँच जना यात्री घाइते भएको जानकारी प्राप्त भएको छ। चालकले गाडी मोडने क्रममा चिप्लिएर लगभग एक सय फिट तल खाल्डोमा झरेको स्थानीय प्रशासनले जानकारी दिएको छ। घटनामा घाइते बनेका पाँच जनालाई तुरुन्तै समथर ब्लक प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गराइएको जानकारी प्राप्त भएको छ।

**सुकुना गेम्स एन्ड स्पोर्ट्स**

सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधानमा प्रत्येक वर्ष आयोजना गरिने सुकुना गोल्ड कप फुटबल टुर्नामेन्टको 18औँ संस्करण गत 5 जनवरीबाट शुरू भएको छ। सुकुना उच्चत्तर माध्यमिक विद्यालयको खेल मैदानमा सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधानमा अनि युवा एवं खेलकुद मामिला विभाग जीटीएको सहयोगमा चलिरहेको यस 18 औँ संस्करणको सुकुना गोल्ड कप फुटबल टुर्नामेन्ट 2025 को आजको म्याच कालेबुङ पुलिस बनाम कञ्चनजङ्घा फुटबल क्लब KFC सिलगढी माझ सम्पन्न भयो। म्याचमा कालेबुङ पुलिसले शून्यको विरुद्ध 3 गोल गरी विजय हासिल गरेको छ। आजको म्याचमा म्यान अफ द म्याच कालेबुङ पुलिसका सुजल दङ्गाललाई चयन गरियो।

**शहीद गोल्ड कप**

खरसाङको चानमारीमा आजदेखि शहीद कप फूटबल प्रतिस्पर्द्धा शुरू भएको छ। यस १२ औं शहीद कपको आरम्भिक म्याचमा गढ़वाल राइफल्सले राजगन्ज फूटबल एशोसिएशनलाई २-१ गोलले पराजित गरयो। खरसाङ गोर्खा पार्वतीय खेलकूद संघ सहयोगी जीटीएद्वारा वर्षेनी नै शहीद कप फूटबलको आयोजना गरिन्छ। आज खेलिएको म्याचमा श्रेष्ठ खेलाड़ी गढ़वाल राइफल्सका टी.जे सिंहलाई घोषित गरियो। भोलि अपरान्ह २ बजेदेखि दार्जीलिङ पुलिस अनि यूनाइटेड सिलिगढ़ी एफ.सी बीच म्याच खेलिनेछ।

****** ० ******